## मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको
## पाँचौ वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरू

१. वैधानिक सभा :

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि. को मिति २०७४/०५/२२ गते बसेको सञ्चालक समितिको ५९ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७४ वित्तीय संस्थाको प्रबन्ध पत्र तथा नियमावली बमोजिम संस्थाको पाँचौ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारीज्यूको अध्यक्षतामा निम्नलिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल एवं निर्णय भई देहाय बमोजिम सम्पन्न भयो ।

मिति : २०७४ आश्विन ३० गते सोमबार ।
समय : बिहानको ११:३० बजे प्रारम्भ भई २:३० बजे समापन ।
स्थान : होटल वाटर टावर, विदुर -४, बट्टार, नुवाकोटको सभा कक्ष ।

२. उपस्थिति :

(क) सञ्चालकहरूको उपस्थिति :

| क्र.सं. | विद्यमान सञ्चालकहरूको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १ | श्री राजन सिंह भण्डारी | अध्यक्ष | सिटिजन्स बैंक इन्टरनेसनल लि., कमलादी, काठमाडौं | १५१८०० |
| २ | श्री सञ्जीव मानन्धर | सञ्चालक | प्राइम कमर्सियल बैंक लि., कमलपोखरी, काठमाडौं | १५४००० |
| ३ | श्री झलक प्रसाद खनाल | सञ्चालक | लुम्बिनी विकास बैंक लि., डिल्ली बजार, काठमाडौं | १५४००० |
| ४ | श्री पृथ्वी नारायण श्रेष्ठ | सञ्चालक | जनता बैंक नेपाल लि., नयाँ बानेश्वर, काठमाडौं | १५४००० |
| ५ | श्री आरती राज्य लक्ष्मी राणा | सञ्चालक | ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाडौ | १५४००० |
| ६ | श्री बद्री प्रसाद पुडासैनी | सञ्चालक | सर्वसाधारण समूह | ११३ |
| ७ | श्री कमल प्रसाद नेपाल | सञ्चालक | सर्वसाधारण समूह (एनएमबि क्यापीटल लि. को तर्फबाट) | ४८०९ |

MERO MICROFINANCE SITTIYA SANSTHA LTD. Estd.2069 CORPORATE OFFICE, BATTAR, NUWAKOT

(ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :

| क्र.सं. | अन्य पदाधिकारी एवं पर्यवेक्षककौ नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री रामहरि दाहाल | प्रमुख कार्यकारी अधिकृत | मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि., बट्टार, नुवाकोट |
| २ | श्री नबराज दाहाल | नि. नायव प्रमुख कार्यकारी अधिकृत | मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि., बट्टार, नुवाकोट |

(ग) शेयरधनीहरूको उपस्थिति विवरण :

वित्तीय संस्थाको कूल शेयरधनी संख्या यस प्रकार रहेको छ ।

संस्थापक शेयरधनीको संख्या : १० (दश)
सर्वसाधारण शेयरधनीको संख्या : ३७,७१६ (सैतिस हजार सात सय सोह्र) रहेकोमा सभामा निम्न बमोजिम उपस्थिति रह्यो ।

| बिक्री भएको कूल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| २२,००००० | १,५२६,८०० | ६,७३,२०० | १,५२६,८०० | ९,६५६ | १५,३६,४५६ | ६९.८४ |

३. सभाको बैधानिकता :

(क) सभाको बारेमा सार्वजनिक सूचना :

कम्पनी ऐन २०६३ को दफा ६७(२) र कम्पनीको नियमावलीको नियम ४(३) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि मितिः २०७४ भाद्र २३ गते र असोज ९ गते राष्ट्रिय दैनिक पत्रिका “कारोबार” मा प्रकाशित गरिएको र मिति २०७४/०६/०१ गतेसम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरूलाई आ.व. २०७३/७४ को वार्षिक प्रतिवेदनका साथ सभाको सूचना, सभाको प्रवेशपत्र तथा प्रोक्सी फारामहरू यस संस्थाको Website मार्फत सार्वजनिक गरी सकिएको ब्यहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट जानकारी गराइयो ।

(ख) गणपुरक संख्या :

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०७४ आश्विन ०१ मा कायम शेयरधनीहरू तथा उनीहरूले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

| क्र.सं. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरू | १० | १५,२६,८०० | |
| २ | सर्वसाधारण शेयरधनीहरू | ३७,७१६ | ६,७३,२०० | |
| | जम्मा | ३७,७२६ | २२,००,००० | |

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपुरक संख्या (कम्पनीको शेयरधनीहरू स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको साधारण शेयरहरूको संख्या) देहाय बमोजिम रहेको व्यहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट अवगत भयो र उपस्थित शेयरधनीहरूले उपरोक्त व्यहोरा जानकारी लिँदै सभा कानुन बमोजिम बोलाइएको हुँदा पूर्वसूचित प्रस्तावहरूमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

| बिक्री भएको कूल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| २२,००००० | १,५२६,८०० | ६,७३,२०० | १,५२६,८०० | ९,६५६ | १५,३६,४५६ | ६९.८४ |

४. सभामा प्रस्तुत छलफलका विषयहरू :

शेयरधनीहरूको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरूलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिए बमोजिम यस वार्षिक साधारण सभामा छलफलका विषयहरू देहाय बमोजिम रहेका थिए ।

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा मिति २०७३ श्रावण १ देखि २०७४ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने ।

३. संस्थाको लेखापरीक्षण समितिको सिफारिसमा आर्थिक वर्ष २०७४/७५ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (साबिकको लेखापरीक्षक श्री एम खनाल एण्ड कम्पनी पुनः लेखा परीक्षण गर्न योग्य हुनु हुन्छ ।)

४. संस्थाको नियमावली अनुसार समूह "क" का संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

MERO MICROFINANCE BITTIYA SANSTHA LTD.

५.	सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७४ आषाढमसान्तमा कायम रहेको चुक्ता पूँजीको १२.१०५ प्रतिशतले हुन आउने नगद लाभांश रू. २,६६,३१,५७८/९५ (बोनस शेयर र नगद लाभांसको कर प्रयोजनका लागि समेत) दिने प्रस्ताव माथि छलफल गरी पारित गर्ने ।

(ख)	विशेष प्रस्तावहरू

१.	सञ्चालक समितिबाट पारित भए बमोजिम २०७४ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ३० प्रतिशतले हुन आउने रकम रू. ६ करोड ६० लाख बराबरको बोनश शेयर जारी गर्ने ।

२.	वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (ख) र (ग) तथा नियमावलीको नियम २७ (२), ३१ (क) र ३२ (१) (ख) मा आवश्यक संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक संशोधन/समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग)	विविध ।

५.	सभाको सभापतित्व तथा उद्घाटन :

यस वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पुरा भएकोले कम्पनी ऐन २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारीज्यूलाई सभाको सभापतित्व गर्न अनुरोध गरियो र त्यसै अनुरूप उहाँले सभाको सभापतित्व गर्नु भयो । तत्पश्चात् सभापति महोदयले पानसमा बत्ती बाली सभाको उद्घाटन गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

६.	स्वागत मन्तव्य :

सभापतिज्यूको अनुमति लिई संस्थाका कम्पनी सचिव श्री रामहरि दाहालले सभामा उपस्थित सञ्चालक समितिका सदस्य, शेयरधनी महानुभावहरू एवं अन्य आमन्त्रित महानुभावहरूलाई हार्दिक स्वागत गर्नुभयो ।

७.	पाँचौं वार्षिक प्रतिवेदन प्रस्तुत :

सभाको काम-कारवाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री राजन सिंह भण्डारीज्युले शेयरधनीहरूलाई सम्बोधन तथा स्वागत गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनु भयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा मिति २०७३ श्रावण १ देखि २०७४ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण साधारण सभा समक्ष छलफल तथा निर्णयको रूपमा पारित गर्नका लागि प्रस्तुत गर्नु भयो । आ.व. २०७३/७४ मा संस्थाले गरेको प्रगति तथा आ.व.

२०७४/७५ को भावी योजना तथा अन्य कार्यक्रमहरूका बारेमा विवरणहरू प्रस्तुत गर्नुभयो । त्यसका साथै अन्त्यमा धन्यवाद ज्ञापन गर्नुहुँदै शेयरधनीहरूको तर्फबाट कुनै जिज्ञासा तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नु भयो ।

८. साधारण सभामा उठेका जिज्ञासा एवं प्रतिउत्तर :

(क) सर्वसाधारण शेयरधनी रुकमणी अधिकारीले संस्थाले प्रस्ताव गरेको लाभांशमा खुशी ब्यक्त गर्दै आगामी दिनमा अझ बढी बोनस दिन सक्ने गरी ब्यवस्थापनले अझ प्रभावकारी तरिकाले काम गर्न सुझाव दिनुभयो ।

(ख) संस्थापक शेयरधनी एनएमबी बैंक लि. का प्रतिनिधि श्री प्रमोद दाहालले नेपाल राष्ट्र बैंकले लघुवित्त संस्थाहरूलाई पूँजी बृद्धि गर्न लागिरहेकाले सोही अनुसार आवश्यक पूँजी बृद्धिको योजनाका साथ अघि बढ्न सुझाव दिनुभयो ।

शेयरधनीका प्रतिनिधिहरूले राख्नुभएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका सभापतिले देहाय बमोजिमको जवाफ दिनुभयो ।

(क) संस्थाको लाभांशमा खुशी ब्यक्त गर्ने सर्वसाधारण शेयरधनीलाई धन्यवाद दिंदै आगामी दिनहरूमा बजार अनुसार लाभांश र विपन्नलाई वित्तीय सेवा विस्तार दुवै कार्यलाई निरन्तरता दिने भनी जवाफ दिनुभयो । साथै हाल लघुवित्त संस्थाहरूको कर्जाको लागत बढेको हुनाले नाफामा प्रभाव पर्न सक्ने जानकारी दिनु भयो ।

(ख) नेपाल राष्ट्र बैंकले लघुवित्त संस्थाहरूलाई पूँजी बृद्धि गर्न लागि रहेको ब्यहोरा अनौपचारीक रूपमा आफ्नो समेत जानकारीमा आएकाले सोही बमोजिम यस वर्ष बोनस शेयर जारी गरेको भनी जवाफ दिनुभयो र आवश्यक भएमा अन्य विकल्प समेत खोजिने समेत सभामा जानकारी दिनु भयो ।

शेयरधनीका प्रतिनिधिहरूले राख्नुभएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका अध्यक्षज्यूले जवाफ दिनु भए पछि छलफलको क्रम समाप्त भएको कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

९. सभाका निर्णयहरू :

आजको सभामा शेयरधनी महानुभावहरूले दिनु भएको अमूल्य सुझाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पूर्व सूचित प्रस्तावहरूलाई क्रमशः पारित गरिदिन अध्यक्षज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरू उपर सभाका शेयरधनीहरूको सर्वसम्मत निर्णयबाट देहाए बमोजिम पाारित गरियो ।

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रतिवेदन सर्व सम्मतिले पारित गरियो ।

MERO MICROFINANCE BITTIYA SANSTHA LTD.

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा मिति २०७३ श्रावण १ देखि २०७४ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू सर्व सम्मतिले पारित गरियो ।

३. आ.व. २०७४/७५ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम श्री महेश खनाल (एम खनाल एण्ड कम्पनी) लाई नियुक्त गर्ने र निजलाई वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङफर्म लेखापरीक्षण र प्रमाणिकरण पारिश्रमिक स्वरूप कर सहित रू. ३,७२,९००/- (अक्षरुपी तीन लाख बहत्तर हजार नौ सय मात्र) प्रदान गर्ने सर्वसम्मतिले पारित गरियो ।

४. संस्थाको नियमावली अनुसार समूह "क" का संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरूको निर्वाचनमा श्री सञ्जीव मानन्धर (प्रतिनिधि प्राईम कर्मसियल बैंक लि.),श्री पृथ्वी नारायण श्रेष्ठ (प्रतिनिधि जनता बैंक नेपाल लि.) श्री आरति राज्य लक्ष्मी राणा (प्रतिनिधि ग्लोबल आईएमई बैंक लि.) र श्री नरेस सिंह वोहरा (प्रतिनिधि देवः विकास बैंक लि.) लाई सर्व सम्मत सञ्चालकमा निर्बाचित गरियो ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७४ आषाढमसान्तमा कायम रहेको चुक्ता पूँजीको १२.१०५ प्रतिशतले हुन आउने नगद लाभांश रू. २,६६,३१,५७८/९५ (बोनस शेयर र नगद लाभांसको कर प्रयोजनका लागि समेत) दिने प्रस्ताव दिने प्रस्ताव पारित गरियो ।

(ख) विशेष प्रस्तावहरू

१. सञ्चालक समितिबाट पारित भए बमोजिम २०७४ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ३० प्रतिशतले हुन आउने रकम रू. ६ करोड ६० लाख बराबरको बोनश शेयर जारी गर्ने प्रस्ताव पारित गरियो ।

२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (ख) र (ग) तथा नियमावलीको नियम २७ (२), ३१ (क) र ३२ (१) (ख) मा आवश्यक संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्तावमा छलफल भई तपसिल बमोजिम संसोधन गरी प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक संशोधन/समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. CORPORATE ... WAKOT Estd.2059

तपसिल :

प्रबन्धपत्रको प्रस्तावित संशोधनको तीन महले विवरण

| साविक | प्रस्तावित संशोधन | कारण |
|---|---|---|
| ६. वित्तीय संस्थाको पूँजीको संरचना : यस वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :–<br><br>ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रू. २२,००,००,०००/– ( अक्षरेपी बाईस करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/– दरका २२,००,००० (बाईस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>ग) वित्तीय संस्थाले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रू. २२,००,००,०००/– (अक्षरेपी बाईस करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/– दरका २२,००,००० (बाईस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | ६. वित्तीय संस्थाको पूँजीको संरचना : यस वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :–<br><br>ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रू. २८,६०,००,०००/– ( अक्षरेपी अठ्ाईस करोड साठ्ी लाख) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/– दरका २८,६०,००० (अठ्ाईस लाख साठ्ी हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>ग) वित्तीय संस्थाले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रू. २८,६०,००,०००/– (अक्षरेपी अठ्ाईस करोड साठ्ी लाख) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/– दरका २८,६०,००० (अठ्ाईस लाख साठ्ी हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | संस्थाले ३० प्रतिशतले हुने रू. ६,६०,००,०००/– (अक्षरेपी छ करोड साठ्ी लाख) बराबरको बोनस शेयर जारी गरी चुक्ता पूँजी बृद्धि गर्न प्रस्ताव गरिएकाले । |

नियमावलीको प्रस्तावित संशोधनको तीन महले विवरण

| सावික | प्रस्तावित संशोधन | कारण |
|---|---|---|
| २७. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :<br><br>(२) यस वित्तीय संस्थामा ८ जनाको सञ्चालक समिति हुनेछ जसमा "क" समूहमा रहेका संस्थापक समूहबाट मनोनित/निर्वाचित ५ जना, "ख" समूहका सर्वसाधारण शेयरधनीहरूबाट निर्वाचित २ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक हुनेछन् । | २७. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :<br><br>(२) यस वित्तीय संस्थामा ७ जनाको सञ्चालक समिति हुनेछ जसमा "क" समूहमा रहेका संस्थापक समूहबाट मनोनित/निर्वाचित ४ जना, "ख" समूहका सर्वसाधारण शेयरधनीहरूबाट निर्वाचित २ जना र १ जना स्वतन्त्र सञ्चालक हुनेछन् । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७४ अनुसार |

MERO MICROFINANCE BITTIYA SANSTHA LTD.

| | | |
|---|---|---|
| ३१. सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने : समितिमा सञ्चालकहरूको नियुक्ति गर्दा समूहगत रूपमा प्रतिनिधित्व हुने गरी देहाय बमोजिम गरिने छ :-<br><br>(क) संस्थापक समूह "क" बाट जम्मा ५ जना सञ्चालकहरू आपसी समभदारीबाट मनोनित वा निर्वाचित हुनेछन् । एउटा संस्थापक संस्थाको तर्फबाट मनोनित सञ्चालकको कार्यकाल समाप्ति पछि सञ्चालक मनोनयन तर्फ पहिले प्रतिनिधित्व नरहेका संस्थापक संस्थालाई सञ्चालक मनोनयनमा प्राथमिकता दिइनेछ । | ३१. सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने : समितिमा सञ्चालकहरूको नियुक्ति गर्दा समूहगत रूपमा प्रतिनिधित्व हुने गरी देहाय बमोजिम गरिने छ :-<br><br>(क) संस्थापक समूह "क" बाट जम्मा ४ जना सञ्चालकहरू आपसी समभदारीबाट मनोनित वा निर्वाचित हुनेछन् । आपसी सहमति हुन नसकी निर्वाचन हुने भएमा संस्थापक शेयरधनीहरूको मात्र सो समूहमा मतदान गर्ने अधिकार हुन्छ । एउटा संस्थापक संस्थाको तर्फबाट मनोनित सञ्चालकको कार्यकाल समाप्ति पछि सञ्चालक मनोनयन तर्फ पहिले प्रतिनिधित्व नरहेका संस्थापक संस्थालाई सञ्चालक मनोनयनमा प्राथमिकता दिइनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७४ अनुसार |
| ३२. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था : (१) संचालकले पाउने मासिक पारिश्रमिक, बैंठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम हुनेछ :-<br><br>(ख) सञ्चालक समितिको बैंठकमा उपस्थित भए वापत प्रति बैठक भत्ता अध्यक्षले पाउने रू. ३,५००/- र अन्य सदस्यले पाउने रू. ३,०००/- हुनेछ । | ३२. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था : (१) सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैंठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम हुनेछ :-<br><br>(ख) सञ्चालक समितिको बैंठकमा उपस्थित भए वापत प्रति बैठक भत्ता अध्यक्षले पाउने रू. ४,५००/- र अन्य सदस्यले पाउने रू. ४,०००/- हुनेछ । साथै सञ्चालकहरूले बिल पेश गर्नु नपर्ने गरी मासिक पत्रपत्रिका वापत रू. १,०००/- र सञ्चार खर्च वापत मासिक रू. १,०००/- प्रदान गरिनेछ । | तुलनात्मक रूपमा बैठक भत्ता न्यून रहेकाले समय र बजार सुहाउदो भत्ता कायम गर्नका लागि । |

(ग) विविध

विविध अन्तर्गत यस पाँचौं वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागि सञ्चालक समितिका अध्यक्ष र कम्पनी सचिवको हस्ताक्षर हुने निर्णय गरियो ।

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd.2069

१०. धन्यवाद ज्ञापन :

यस संस्थाको सञ्चालनमा सहयोग गर्ने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत विभिन्न संघ-संस्था तथा व्यक्तिहरूलाई धन्यवाद दिने निर्णय गरियो । साथै यस संस्थाको सञ्चालक समितिको सदस्यका हैसियतले आफ्नो कार्यकालमा अतुलनीय योगदान पुऱ्याउनु हुने सम्पूर्ण सदस्य महानुभावहरूलाई समेत धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।

११. कम्पनी सचिव श्री रामहरि दाहालले आजको यस पाँचौं वार्षिक साधारण सभामा समावेश विषयसूची अन्तर्गतका सम्पूर्ण विषयहरू समाप्त भएको व्यहोरा जानकारी गराउनु हुँदै आजको यस साधारण सभा समापन गरिदिनको लागि अध्यक्ष एवं सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

१२. विषयसूचीमा रहेका सम्पूर्ण कार्यक्रमहरू समाप्त भएको जानकारी प्राप्त भए पश्चात् अध्यक्षज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उहाँहरूको अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । साथै वित्तीय संस्थाको सञ्चालक समितिको बैठक नं. ६१ ले श्री सुमित बाबु खत्रीलाई स्वतन्त्र सञ्चालकमा नियुक्त गरिसकेको जानकारी दिनु हुँदै नव निर्वाचित सञ्चालकहरूलाई हार्दिक बधाई दिँदै सफल कार्यकालको सुभकामना समेत व्यक्त गर्नु भयो । त्यसैगरी आजको यस पाँचौं वार्षिक साधारण सभा शान्ति एवं सौहार्दपूर्ण वातावरणमा सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुऱ्याउने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू, पत्रकार महानुभावहरू, बैंकका सञ्चालकहरू र सम्पूर्ण कर्मचारीहरू लगायत यस सभाहल उपलब्ध गराई सहयोग गर्ने होटल वाटर टावर, बिदुर -३, बट्टार, नुवाकोटलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस पाँचौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| ............................................ | MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd.2069 CORPORATE OFFICE, BATTAR, NUWAKOT | ............................................ |
| श्री रामहरि दाहाल | | श्री राजन सिंह भण्डारी |
| कम्पनी सचिव | | अध्यक्ष |

सभा सम्पन्न मिति : २०७४ आश्विन ३० गते सोमबार तदनुसार अक्टोबर १६, २०१७ ।